# सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा विश्वब्यापी रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस (कोभिड- १९) को नयाँ भेरियन्ट नेपालमा फैलिरहेको र यस जिल्लामा पनि संक्रमितको संख्यामा दिन प्रतिदिन बढ्दै गइरहेको र छिमेकी म्याग्दी, पर्वत र बाग्लुङ लगायतका जिल्लामा निषेधाज्ञा आदेश जारी भएको अबस्था छ। यस जिल्लामा कानून व्यवसायी तथा जिल्ला बार समिती नहुँदा थुनामा रहेको प्रतिवादीको तर्फबाट प्रतिरक्षा गर्ने कानून ब्यवसायी समेत अन्य जिल्ला बाग्लुङ्ग म्याग्दी कास्कीबाट आउनुपर्ने स्थिति देखिन्छ । जिल्ला प्रशासन कार्यालय मुस्ताङबाट सवारी साधन संचालनमा रोक लगाएको र कार्यालयको सेवा प्रवाहमा आलोपालो हुने व्यबस्था मिलाउन भनी मिति २०७८/०१/२६ मा सूचना जारी भएको र विद्यमान स्थानीय परिस्थिती समेतलाई मध्यनजर गरी केही सिमीत कार्य मात्र गर्ने गरी सेवा संकुचन गर्ने निर्णय गरिएको हुँदा हाल मिति २०७८/०१/२७ गते देखी २०७८/०२/०२ गते सम्म र सो पछि पूर्ववत् अवस्था र अन्य जिल्लामा निषेधाज्ञा वा लकडाउन अवधी बढाइए स्वत थप हुने गरी तपसिल बमोजिमको सेवा प्रवाह गर्ने गरी हाल अन्य कारवाही स्थगत गरिएको हुँदा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मुकुन्द आचार्य
श्रेस्तेदार (उपसचिव)

मुकुन्द आचार्य
श्रेस्तेदार
(उप- सचिव)

**तपसिल -**

- वन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई।
- पक्राउ पूर्जीको अनुमती, जरुरी पक्राउ पूर्जीको समर्थन ।
- मुद्दा अनुसन्धानका लागि प्रतिवादीलाई थुनामा राख्ने वा म्याद थप गर्ने ।
- कल डिटेल सम्बन्धी अनुमति दिने ।
- थुनुवा भएको अभियोग पत्रको दर्ता, प्रतिवादीको वयान र थुनछेक सम्बन्धी कार्य ।

**पुनश्च-**

- सेवा स्थगन गरिएको अवधीको हदम्याद, म्याद र तारेख नगुज्रिने ।
- सर्वोच्च अदालतबाट कुनै निर्देशन प्राप्त भए सोही बमोजिम गर्ने ।
- सेवा संकुचनबाट सेवाग्राही (न्यायको उपभोक्ता) मा पर्न गएको असुविधा प्रति मुस्ताङ जिल्ला अदालत क्षमाप्रार्थी छ।

# सूचना !    सूचना !!    सूचना !!!

प्रस्तुत विषयमा विश्वब्यापी रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस (कोभिड- १९) को नयाँ भेरियन्ट नेपालमा फैलिरहेको र यस जिल्लामा पनि संक्रमितको संख्यामा दिन प्रतिदिन बढ्दै गइरहेको र छिमेकी म्याग्दी, पर्वत र बाग्लुङ लगायतका जिल्लामा निषेधाज्ञा आदेश जारी भएको अवस्था छ। यस जिल्लामा कानून व्यवसायी तथा जिल्ला बार समिति नहुँदा थुनामा रहेको प्रतिवादीको तर्फबाट प्रतिरक्षा गर्ने कानून व्यवसायी समेत अन्य जिल्ला बाग्लुङ्ग, म्याग्दी, कास्कीबाट आउनुपर्ने स्थिति देखिन्छ। सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७८।१।१४ गतेको पूर्ण बैठकको निर्णय बमोजिम जिल्ला अदालतले स्थानीय परिस्थिति एवं जोखिमको अवस्थाको मूल्यांकनको आधारमा दैनिक कामकारवाही र सेवा प्रवाह मिलाउने भन्ने तथा जिल्ला प्रशासन कार्यालय मुस्ताङको मिति २०७८।१।२९ मा जारी भएको सूचना अनुसार विद्यमान स्थानीय परिस्थिति समेतलाई मध्यनजर गरी केही सिमित कार्य मात्र गर्ने गरी सेवा संकुचन गर्ने निर्णय गरिएको हुँदा हाल मिति २०७८।२।३ गते देखि २०७८।२।६ गतेसम्म र सो पछि पूर्ववत् अवस्था र अन्य जिल्लामा निषेधाज्ञा वा लकडाउन अवधि बढाइए स्वतः थप हुने गरी तपसिल बमोजिमको सेवा प्रवाह गर्ने गरी हाल अन्य कारवाही स्थगत गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मुकुन्द आचार्य
श्रेस्तेदार (उपसचिव)

मुकुन्द आचार्य
श्रेस्तेदार
(उप- सचिव)

## तपसिल

- बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई।
- पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन।
- मुद्दा अनुसन्धानका लागि प्रतिवादीलाई थुनामा राख्ने वा म्याद थप गर्ने।
- कल डिटेल सम्बन्धी अनुमति दिने।
- थुनुवा भएको अभियोग पत्रको दर्ता, प्रतिवादीको बयान र थुनछेक सम्बन्धी कार्य।

## पुनश्चः

- सेवा स्थगन गरिएको अवधिको हदम्याद, म्याद र तारेख नगुज्रिने।
- सर्वोच्च अदालतबाट कुनै निर्देशन प्राप्त भए सोही बमोजिम गर्ने।
- सेवा संकुचनबाट सेवाग्राही (न्यायको उपभोक्ता) मा पर्न गएको असुविधा प्रति मुस्ताङ जिल्ला अदालत क्षमाप्राथी छ।